अनुसुची-१६

दफा ३३ को उप-दफा २ सँग सम्वन्धित

वन पैदावार लिलाम विक्रिको विस्तृत सुचना

**श्री अमिलिया सामुदायिक वन उपभोक्ता समूह लमही न.पा..-९,दाङ**

काठ/दाउरा वोलपत्रद्वारा लिलाम विक्रिको सुचना

**(प्रथम पटक सूचना प्रकाशन मितिः-२०८३/५/१)**

यस सामुदायिक वन उपभोक्ता समूहवाट व्यवस्थापन गर्दै आएको सामुदायिक वन क्षेत्रवाट पुनरुत्पादन कटान तर्फ आ.व.२०८२/०८३ मा संकलन गरी डिभिजन वन कार्यालय दाङ(देउखुरी)को चलानी नम्वर १३३ मिति २०८३/४/२७ गतेको लिलाम विक्रिको लागि सहमति अनुसार सामुदायिक वनको घाटगद्दीमा भएको काठ दाउरालाई एउटा लट कायम गरि विभाजित निम्न परिमाणको काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम बिक्रि गर्नु पर्ने भएकोले यो सूचनां प्रकाशित गरिएको छ। काठ दाउरामा आधारित उद्योग संचालन गर्ने भनी प्रचलित कानून वमोजिम दर्ता तथा नवीकरण भई वन नियमावली २०७९ को नियम १२८ वमोजिम सुचीकृत भएका गोलिया काठ चिरान गर्ने सःमिल र काठलाई कच्चा पदार्थको रुपमा प्रयोग गर्ने भेनियर तथा प्लाईउड उद्योगले यो सूचना गणतन्त्र राष्ट्रिय दैनिक पत्रिकामा पहिलो पटक प्रकाशित भएको मितिले २१ दिन भित्र प्रत्येक लटको छुट्टा छुट्टै बोलपत्र खरिद गरी २२ औ दिन ५:०० वजे भित्र डिभिजन वन कार्यालय, दाङ(देउखुरी) तथा सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा शिलवन्दी वोलपत्र दाखिला गर्न आव्हन गरिन्छ।

**तपशिलः-**

**१.लिलाम बिक्रि हुने वन पैदावारको विवरणः-**

| वन पैदावारको विवरण | | | | | | | मूल्याङ्कन (रु) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| लट नं. | क्रमशः- | जात | किसिम | ग्रेड | थान | परिमाण घ.फि./चट्टा | दर प्रति घ.फि. | न्यूनतम मुल्य (रु) | कटान मुछान खर्च(रु) | कै. |
| १ | १ | साल | गोलिया | ए | १२ | १९२.५२ | १२५० | २४०६५० | २,५९.०३८/- | |
| | | | | वी | ४५ | ३६१।५७ | ९०० | ३२५४१३ | | |
| | | | | सी | २०५ | ७४९।१५ | ६०० | ४४९४९० | | |
| | | | | डी | २७ | ४९।८८ | ३०० | १४९६४ | | |
| | | | | वी | ८ | ५७.१२ | ३०० | १७१३६ | | |
| | | | | सी | ६ | ३२.३५ | १०० | ३२३५ | | |
| | 2 | धौटी | | | २३ | १६२.३५ | १०० | १६२३५ | | |
| | 3 | वरौं | | | ३ | २३.६१ | २०० | ४७२२ | | |
| | जम्मा गोलिया | | | | ३२९ | १६२८.५५ | | १०७१८४५ | | |
| | १ | साल | दाउरा | चट्टा | | ८.७५ | १२००० | १०५००० | २४०४९/ | |
| | २ | अन्य मिश्रित | दाउरा | चट्टा | | १२ | ४००० | ४८००० | | |
| | जम्मा दाउरा | | | | | २०.७५ | | १५३००० | | |
| | कुल | | | | | | | १२२४८४५ | | |

२: वोलपत्र खरिद र दाखिला गर्नुपर्ने अन्तिम मिति, समय र स्थान :

क) वोलपत्र खरिद गर्ने अन्तिम मिति: २०८३/०५/२१ गते, ५:०० वजे भित्र ।

CamScanner

बोलपत्र दाखिला गर्ने अन्तिम मितिः २०८३/५/२२ गते, १२:०० वजे भित्र ।

। बोलपत्र खरिद गर्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट अर्थात दाखिला गर्ने दिन नै निर्धारित समयमा वोलपत्र खरिद गरि सोही दिन दाखिला गर्ने लाई मान्यता दिईनेछ। साथै दाखिला गर्ने दिन विदा परे सो को भोलीपल्ट तोकिएको समयमा दाखिला गर्न सकिनेछ ।

३. वोलपत्र साथ धरौटी वापत कवोल अङ्कको १०% ले हुन आउने रकम यस सामुदायिक वन उपभोक्ता समूहको सांग्रिला विकास वैंक लमही. शाखा स्थित खाता नं. ०१७००८०००८०१९५००००२ मा नगद जम्मा गरेको सक्कलै भौचर वा यस समूहको नाममा खिचिएको वैंक ड्राफ्ट वा छ महिना अवधिको वैंक जमानत पत्र समावेश हुनुपर्नेछ। नगद धरौटी र ड्राफ्टलाई मान्यता दिइने छैन।

४. वोलपत्रको प्रत्येक लटका लागि रु. एक लाखदेखी १० लखासम्म न्यूनतम मुल्य भएको रु.१,०००।-र रु.दसलाख भन्दा वढी न्यूनतम मूल्य कायम भएको रु.२०००।- (पछि फिर्ता नहुने गरी) तिरी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय तथा डिभिजन वन कार्यालय, दाङ(देउखुरी)वाट समेत खरिद तथा दाखिला गर्न सकिनेछ।

५.वैंक जमानत धरौटीको रुपमा पेश गरिएमा त्यस्तो जमानत कम्तिमा ६ महिना सम्मको लागि हुनु पर्नेछ।

६. वोलपत्र खरिद गर्दा लट अनुसार वेग्ला वेग्लै खरीद गरी दाखिला गर्दा पनि वेग्ला वेग्लै दाखिला गरी खाम वाहिर प्रष्ट लट नं. उल्लेख गरेको हुनु पर्नेछ ।

७. लिलाम वढावढ हुने वन पैदावार कार्यालय समय खुलेको समय भित्र यस सामुदायिक वन उपभोक्ता समूहको घाटगद्दी स्थानमा गई हेर्न सकिनेछ।

८. लिलाम प्रक्रियामा भाग लिन इच्छुक स:मिल/भेनियर/प्लाईउड उद्योगका प्रोपाइटरहरुले नेपाली नागरिकताको प्रमाणपत्र, फर्म दर्ता प्रमाणपत्र, मु.अ.कर दर्ता वा स्थायी लेखा नम्वर प्रमाणपत्र, उद्योग सुचिकरण प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्रहरुको प्रतिलिपी अनिवार्य बोलपत्रसाथ पेश गर्नु पर्नेछ। नागरिकता वाहेकका कागजातहरु नियमानुसार नवीकरण भएको हुनु पर्नेछ।

९. निर्धारित गरिएको न्यूनतम संख्या र रितपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८३/५/२२ गते दिनको १:०० वजे साक्षीहरुको रोहवरमा खोलिनेछ। सो दिन विदा परे सो को भोलिपल्ट खोलिनेछ।

१०.लिलाम स्विकृत भएको जानकारी प्राप्त भएको ४५(पैतालिस)दिन भित्र सकार गरेको रकम तथा निर्धारित मुल्य अभिवृद्धि,कर,सङ्कलन खर्च छुट्टै वुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ।

११. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १० (दश) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर, सङ्कलन खर्च समेत छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

१२. वोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुवैमा लेखु पर्नेछ। अङ्क र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

१३. वोलपत्र सदर वा वदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहको कार्य समितिमा निहित रहनेछ।

CS CamScanner